**कार्यपालिका वैठक मिति २०७४।११।२२** **वैठक संख्या १८**

**निर्णय नं.-१**

इटहरी उप महानगरपालिकाको नगर कार्यपालिकाको कार्यलयद्धारा नगरकार्यपालिकाको वैठक समक्ष पेश भएका निम्न कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो

(क) इटहरी उप महानगरपालिका राजपत्र प्रकाशन कार्यविधि,२०७४

(ख) इटहरी उप महानगरपालिका शिक्षा सम्वन्धी एकिकृत कार्यविधि, २०७४

**निर्णय नं.-२**

इटहरी उप महानगरपालिकाद्धारा आर्थिक वर्ष २०७४।०७५मा विनियोजन वजेट तथा कार्यकमहरुमा पशु,स्वास्थ्य तथा कृर्षिका कार्यकमहरुलाई रकम विनियोजन नभई न्यूनतम आवश्यक कार्यकम तथा सेवाहरु सन्चालनमा समस्या आएकोले सो सम्वन्धी सेवा तथा कार्यकमहरुलाई सन्चालनका लागि मेसिन तथा औजार खरिद शिर्षक बाट रु पैतिस लाख रकमको बजेट मिलान गरी निम्न अनुसार विषय क्षेत्रमा वजेटको विनियोजन गरी कार्यकम संचालन गर्ने व्यवस्था मिलाउने ।

(क) कृषि कार्यकमका लागि छुट्याएको रकम रु २००००००। (विस लाख मात्र )

(ख) पशु कार्यकमका लागि छुट्याएको रकम रु १००००००। (दश लाख मात्र )

(ग) स्वास्थ्य कार्यकमका लागि छुट्याएको रकम रु ५०००००। (पाँच लाख मात्र )

**निर्णय नं.-३**

इटहरी उप महानगरपालिकाको चालु आ.व. २०७४।०७५को माघ महिना सम्मको आम्दानी तथा खर्चको विवरण वैठक समक्ष अवगत भयो ।

**निर्णय नं.-४**

इटहरी उप महानगरपालिकाका अर्न्तरगत प्राथमिक स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रर्वद्धन केन्द्र तथा वर्थिङ्ग सेन्टरका लागि आवश्यक कर्मचारी व्यवस्थापनका विषयमा निम्न निर्णयहरु गरियो ।

(क) शहरी स्वास्थ्य प्रर्वद्धन केन्द्रको लागि यस नगरपालिका द्धारा मिति २०७४।१०।२४ गते व्लाष्ट दैनिकमा प्रकाशित सूचना अनुसार सह लेखापाल वाहेकको पदहरुको लिखित परिक्षा कार्यकम तय भई सकेको हुदाँ सो वमोजिम नै परीक्षा संचालनको व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

(ख) प्राथमिक स्वास्थ्य केन्द्र PHC मा थप कर्मचारी पदपुर्तिका सम्वन्धमा स्वास्थ्य शाखाबाट माग भई आएकोमा सो सम्वन्धमा हाल कार्यरत कर्मचारीको दरवन्दी , सेवाग्राहीहरुको चाप आवश्यक पर्ने जनशक्ति र आवश्यक वजेट समेतको विस्तृत अध्ययन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्नका लागि निम्न पाँच सदस्यि समिति गठन गर्ने निणर्य गरियो ।

(१) शिक्षा शाखा प्रमुख श्री भुपेन्द्र कोइराला संयोजक

(२) प्रशासकीय अधिकृत श्री सञ्जय अधिकारी सदस्य

(३) स्वास्थ्य शाखा प्रमुख श्री रामचरण चौधरी सदस्य

(४) वडा नं. ९ वडा सदस्य श्री शिव राम शर्मा

(५) वडा हेर्ने क्लस्टर प्रमुख इन्जिनियर श्री भविन्द्र चौधरी

(ग) वर्थिङ्ग सेन्टर मा सेवालाई व्यवस्थित रुपमा संचालनमा ल्याउन अनमी पद २ जना आवश्यक भएकोले उक्त पद सेवा करारमा पदपुर्ति गर्न ७ दिनको विज्ञापन प्रकाशित गरी आवश्यक प्रकिया पुरागरी सेवा करारमा लगाउने निर्णय गरियो ।

इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.-१, सुनसरी, नेपाल
स्था. २०७३

नि० प्रमुख प्रशासकीय अधिकृत